प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

## सम्बत् २०७८ साल पुस ८ गते बसेको सुदूरपश्चिम प्रदेश, मन्त्रिपरिषद्को १२३ औं वैठकले गरेको निर्णय-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- अछाम जिल्लास्थित रामारोशन गाउँपालिकाको वडा विभाजन सम्बन्धमा सो स्थानीय तहबाट निर्णय सहित लेखीआएको विषयका सन्दर्भमा आवश्यक निर्णय हुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ को उपदफा (३) बमोजिम नेपाल सरकारमा लेखी पठाउने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- बझाङ्ग जिल्लास्थित मष्टा गाउँपालिकाको वडा विभाजन सम्बन्धमा सो स्थानीय तहबाट निर्णय सहित लेखीआएको विषयका सन्दर्भमा आवश्यक निर्णय हुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ को उपदफा (३) बमोजिम नेपाल सरकारमा लेखी पठाउने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७८/०७९-२०८२/०८३ को संक्षिप्त अवधारणा पत्र स्वीकृत गर्ने ।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय- कानून सम्पादन तथा प्रकाशन शाखाको लागि कम्प्युटर अपरेटर (सहायक पाचौं)-१ सहित जम्मा ३ जना कर्मचारीको लागि अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

५. आर्थिक मामिला मन्त्रालय - प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भई नविकरण नगरेका फर्मले सम्बत् २०७८ पौष मसान्तभित्र नविकरण गर्न सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय समक्ष निवेदन दिएमा सो वापत लाग्ने जरिवानाको पाँच प्रतिशत रकम लाग्ने र बाँकी जरिवाना मिनाह हुने तथा नियमानुसार लाग्ने नविकरण दस्तुर लिई नविकरण गर्ने ।